गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा–३, बिष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:– २०८०/०८१

चलानी नं.:–

मिति: २०८१-०१-२८

११४४ बछलाथ्व ०२ शुक्रवार

## हक दावी पेश गर्ने सम्बन्धी सूचना !

उपरोक्त सम्बन्धमा गैडहवा गाउँपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बमोजिम वडा नं ८ र ९ कार्यक्षेत्र रहने गरी मिति २०७८-०६-२४ गते दर्ता भई संचालनमा रहेको **श्री सित्तल डाँडा युवा क्लव (दर्ता नं- २८)** ले लक्ष्य अनुसार कार्य गर्न नसकेको भनि मिति २०८०-११-०६ मा संस्था बन्द गर्नको लागि वडा कार्यालयको सिफारिस सहित संस्थाका अध्यक्ष श्री इन्द्र कमल पौडेलले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा सरोकारवाला सबैले यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** आवश्यक प्रमाण सहित उक्त संस्थामा दावी विरोध पेश गर्नुहुन जानकारी गराईन्छ ।

साथै, तोकिएको समयावधि भित्र संस्थाले निवेदकको दावी विरोधको सम्बोधन नगरेको खण्डमा गैडहवा गाउँपालिकाको कार्यालयमा प्रमाण सहित दावी विरोध पेश गर्नुहुन जानकारी गराईन्छ । निर्धारित समयावधि पश्चात पेश भएको निवेदन उपर कुनै कार्यवाही नहुने र दावी विरोध पेश नभएको खण्डमा **श्री सित्तल डाँडा युवा क्लव (दर्ता नं- २८)** को दर्ता स्वत खारेज भएको मानिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

श्रीप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

E-mail: gaidahawagaupalika@gmail.com

Website: gaidahawamun.gov.np